मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पत्रकार राईलाई उत्कृष्ट रोटरी पत्रकारिता पुरस्कार: पृष्ठ ४मा

◆ वर्ष : २७ ◆ अङ्क : २३४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ असार २७ गते सोमवार (Monday, July 11. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

‘बैंकहरुले अनैतिक काम गरे’

काठमाडौं, असार २६। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले बैंकहरुले अनैतिक काम गरेको बताएका छन् ।

कर्जाप्रवाह रोकेर, थप मार्जिन राखेर मात्रै कर्जा दिन्छु भन्नु अनैतिक भएको अध्यक्ष गोल्छाको आरोप थियो । आगामी आर्थिक वर्षको मौद्रिक नीतिमा महासंघले आयोजना गरेको अन्तक्रियामा बोल्दै उनले बैंकहरुले कर्जा रोकेर अनैतिक कार्य गरेको बताएका हुन् । यसले अर्थतन्त्रमा अर्को रुप लिनसक्ने भन्दै उनले गभर्नर महाप्रसाद अधिकारीलाई सचेत समेत गराए । वस्तु आयातमा शतप्रतिशत नगद मार्जिनबारे पनि सोच्नुपर्ने उनको भनाइ थियो ।

उनले भने- ‘अहिले शेयरबजार जुन रुपमा देखा परेको छ, यसले ठूला लगानीकर्ता नभई साना लगानीकर्ता मरणासन्न अवस्थामा पुगेका छन् ।’ त्यसको लागि धितोपत्र बोर्ड र राष्ट्र बैंकले सोच्नुपर्ने उनको भनाइ छ ।

होटेलमा पुरुषसँगै बास बसेकी युवती मृत फेला

बुटवल, असार २६। बुटवलको गोलपार्कस्थित एक होटेलमा एक पुरुषसँगै बास बसेकी युवती मृत फेला परेकी छन् ।

पूर्वी पाल्पाली गाल्धाली होटेलमा असार २४ गते राति बास बसेकी २१ वर्षीय सदीक्षा गुरुङ कोठामा झुण्डिएको अवस्थामा मृत फेला परेकी हुन् । मृतक गुरुङ बुटवल-२की बासिन्दा भएको प्रहरीले जनाएको छ । होटेलको कोठा नं. १०५मा बस्न सदीक्षा नै आएर कोठा बुक गरेकी थिइन् । मृतकका आफन्तहरूले शव पोष्टमार्टमका लागि लुम्बिनी प्रादेशिक अस्पताल पुऱ्याएका छन् ।

सदीक्षासँगै बसेका युवक पक्राउ परेको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । प्रहरीले युवकको परिचय भने खुलाएको छैन । उनी घटनापश्चात फरार भएका थिए ।

१० लाख नेपाली नागरिकता पाउनबाट बञ्चित !

काठमाडौं, असार २६। बाराको जीतपुरका २५ वर्षीय राहुलकुमार साहको परिवारका सबैसँग नागरिकता छ, तर, उनले पटक-पटक आवश्यक कागजातसहित माग गर्दा पनि नागरिकता पाउन सकेका छैनन् ।

बाबुको जन्मसिद्ध, आमाको अङ्गीकृत र परिवारका अरु सदस्यको वंशजको नागरिकता भए पनि आफूले नपाउँदा राज्यले फरक व्यवहारको गरेको अनुभवले राहुललाई सताइरहन्छ । कामका क्रममा ३३ हजार भोल्टको करेन्टले उनका दुवै हात गुमेका छन् । सबै कागजात जम्मा पारेर नागरिकता माग गर्दा पनि नपाएपछि साहलाई अपाङ्गता भएकैले राज्य संयन्त्रबाट फरक व्यवहार गरेजस्तो लाग्छ ।

नागरिकता भएकाले परिवारका सबै सदस्यको मतदाता नामावलीमा नाम समावेश छ । राहुलले भने नागरिकता नपाएकैले २५ वर्ष पूरा हुँदा पनि मतदान गर्ने अवसर गुमाउँदै आएका छन् । नागरिकता बनाउनका लागि कुरा राख्दा केही जनप्रतिनिधिले उनलाई मत खसाल्नुभएको छ ? भन्ने प्रश्न पनि गर्ने गरेका छन् । परिवारमा नागरिकता नहुने म एक्लै छु, म जिउँदो भए पनि मरेको अनुभूति गर्छु, मर्नुबाहेक अरु विकल्प छैन जस्तो लाग्न थालिसकेको छ । मेरो जस्तै समस्या भोग्ने धेरैले आत्महत्या नै विकल्प हो भन्न थालेका छन्, धेरैको तनावको विषय बनेको यो समस्या समाधानका लागि सरोकार भएका निकायको ध्यान जान सकेन- उनले भने ।

संविधान जारी भएको सात वर्ष बितिसक्दा पनि नेपाल नागरिकता ऐन, २०६३मा संविधान अनुरुप संशोधन नहुँदा राहुलजस्ता करिब १० लाखले नागरिकता पाउन नसकेको आज महिला, कानून र विकास मञ्चले आयोजना गरेको सञ्चारकर्मीसँगको छलफल कार्यक्रममा जानकारी गराइएको छ ।

नागरिकता ऐन संशोधन नहुँदाको असर

नागरिकता नहुँदा चिकित्सा शिक्षा, इञ्जिनियरिङलगायत महत्वपूर्ण विषय पढ्न नाम निकालेका युवाले अवसर गुमाउँदै आएको मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले बताए । संविधानमा सबै नेपाली नागरिकलाई नागरिकता दिने व्यवस्था भएपनि त्यसअनुसार कानून नबन्दा धेरै युवायुवती अहिले तनावमा बाँच्न बाध्य छन् ।

संविधानको धारा ३०४मा सबै कानूनलाई संविधान जारी भएको एक वर्षभित्र संविधानसँग नबाझिने गरी कानूनी व्यवस्था गर्नुपर्ने उल्लेख गरिए पनि कार्यान्वयन नहुँदा धेरै नेपालीले आम नागरिक हुनुपर्ने अवस्था आएको हो । सरकारले संशोधन मस्यौदा गरेर संसद्मा पेश गरेको विधेयक लामो समयसम्म प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा अड्कियो । समितिले मतदान प्रक्रियाबाट तयार पारी प्रतिनिधिसभामा पेश गरेको विधेयकको प्रक्रिया पनि अघि बढ्न सकेन ।

नागरिक ऐन संशोधन विधेयक अघि नबढेपछि गत शुक्रबार सरकारले त्यसलाई फिर्ता गरी त्यसै दिन अर्को विधेयक दर्ता गरेको छ । समितिले पेश गरेको प्रतिवेदनमा लैङ्गिक अल्पसंख्यकलाई अन्यका नाममा नागरिकता दिन सकिने व्यवस्था थियो । तर, शुक्रबार सरकारले दर्ता गराएको विधेकमा यो व्यवस्था हटाएको बताइएको छ ।

समितिले तयार पारेको प्रतिवेदनमा भएका राम्रा कुरालाई पनि काटेर शुक्रबार विधेयक दर्ता भएको छ, यही विधेयक पारित भए पनि राहुल जस्ता करिब १० लाख नेपालीले नागरिकता पाउँछन्, वर्षौंदेखि ठूलो समस्या बनेर बसेको विषयले निकास पाउँछ, थप सुधारको बाटो पनि खुल्छ- उनले भने ।

गृह मन्त्रालयमा भएको तथ्याङ्क अनुसार राहुलका बाबुजस्ता एक लाख ९० हजार ७२६ जनाले जन्मसिद्ध नागरिकता पाएका छन् । यस आधारमा करिब पाँच लाख जन्मसिद्धका परिवारले अहिले नागरिकता पाउन सकेका छैनन् । वि.सं. २०६८को जनगणनाअनुसार करिब १० लाख बालबालिका बाबुआमा विना नै बस्दै आएका छन् । आमासँगमात्र बस्ने बालबालिकाको संख्या आठ लाख ९६ हजार छ । शुक्रबार मात्र संसद्मा दर्ता भएको विधेयक पारित भए ११ लाख पीडितले नागरिकता पाउँछन् ।

नागरिकता पीडितको अधिकारका लागि काम गरिरहेकी डेचेन लामा महिला र पुरुषलाई नागरिकता दिने विषयमा समानता नभएको बताउँछन् । महिलाले श्रीमान् र बालबालिकालाई नागरिकता दिलाउन नसक्ने विश्वका ४६ मुलुकमा नेपाल पर्नु लज्जाको विषय बनेको उनको भनाइ छ ।

युवतीलाई बन्धक बनाई बलात्कार गरेको आरोपमा वडाध्यक्ष पक्राउ

धनकुटा, असार २६। धनकुटाको शहीदभूमि गाउँपालिका-५का वडाध्यक्ष सन्तोष राई पक्राउ परेका छन् ।

होटलमा बन्धक बनाइ एक युवतीलाई बलात्कार गरेको आरोपमा वडाध्यक्ष राई पक्राउ परेका हुन् । पीडित युवतीले आफूलाई होटलमा बन्धक बनाइ बलात्कार गरेको प्रहरी समक्ष जाहेरी दिएपछि वडाध्यक्ष राई पक्राउ परेका हुन् ।

राईलाई शनिबार राति साढे ११ बजे धनकुटा बजार नजिकबाट पक्राउ गरिएको बताइएको छ । शुक्रबार राति हिलेबाट तेह्रथुमको बसन्तपुर बजारस्थित एक होटलमा लगेर बन्धक बनाई बलात्कार गरेको जाहेरीमा उल्लेख रहेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी चिरञ्जीवी दाहालले जानकारी दिए ।

राईले घुम्न जाने बहानामा शहीदभूमि गाउँपालिकाको खोकूबाट तेह्रथुमको बसन्तपुर बजारमा पुऱ्याएको जाहेरीमा उल्लेख छ । घर फर्कन ढिला हुने बहाना बनाएर आफूमाथि रातभर जबरजस्ती गरेको पीडितको भनाइ छ । पक्राउ परेका ३८ वर्षीय वडाध्यक्ष राईलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी थप अनुसन्धानको प्रक्रिया अघि बढाइएको प्रहरी प्रमुख एसपी लक्ष्मीराज अधिकारीले बताए ।

घटना भएको स्थान तेह्रथुम जिल्ला भएकोले पक्राउ गरिएका राईलाई थप कारबाही प्रक्रियाका लागि तेह्रथुम प्रहरीलाई बुझाइने अधिकारीले जानकारी दिए । राई गत स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसबाट उम्मेदवार भई वडाध्यक्षमा निर्वाचित भएका थिए ।

‘नेताहरु देशलाई श्रीलंका बनाउने बाटोमा’

काठमाडौं, असार २६। नेकपा एमालेका नेता विष्णु रिजालले नेपालका केही दलका नेता पनि देशलाई श्रीलंका बनाउने बाटोमा अग्रसर भइरहेको आरोप लगाएका छन् ।

राजनीतिमा नातावाद, कृपावाद र परिवारवादले अन्ततः देशलाई श्रीलंका बनाउने उनको टिप्पणी छ ।

‘राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, रक्षामन्त्री- सबै पद परिवारमै राखेको राजापाक्षे परिवारले श्रीलंकालाई जहाँ

(बाँकी अन्तिम पृष्ठमा)

यसरी मनाइयो बकर इद

झापा, असार २६। मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर ईद (इदुल जोहा) आइतवार देशभरका मस्जिदमा नमाज पाठ गरी मनाइएको छ ।

इदुल फित्र अर्थात् रमजान पर्वको ७०औं दिनमा बकर इद मनाउने धार्मिक विधि छ । मुस्लिम धर्मावलम्बीले आइतवार बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामुहिक नमाज पढेका छन् । नमाज पढिसकेपछि एकापसमा शुभकामना आदानप्रदान गर्ने विधि छ ।

यस अवसरमा विगत वर्षमा काठमाडौंको दरबारमार्गस्थित नेपाली जामे मस्जिद, काश्मीरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लागेका थियो । हिजरी संवत्अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको मुस्लिम आयोगका पूर्व अध्यक्ष निर्दोष अलीले बताए ।

अल्लाहको आदेश इब्राहिमलाई तेरो नजिकैको प्यारो चीज कुर्बान (बलिदान) दे भन्ने थियो, जस अनुसार इस्माएल अलेह सलामलाई बलिदान दिन तयार हुँदा अल्लाह आफैं आएर परीक्षामा उत्तीर्ण भइस्, यो भेडालाई बलिदान गर् भनी आदेश दिनुभयो, यही घटनाका आधारमा यो पर्व मनाउन शुरु भएको हो- पर्वको ऐतिहासिक पृष्ठभूमि बताउँदै उनले भने ।

मुस्लिम धर्म गुरु (मौलाना) रहमत अली ऐतिहासिक बकर इद पर्वको आधार बनेका इब्राहिमको वंशमा सन् ५७१मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिएको बताउँछन् । जसले यो पर्व एवम् धर्मलाई पुस्तान्तरण गर्न महत्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना गरेका थिए । जुन ग्रन्थलाई अहिले मुस्लिम धार्मिक विद्यालय मदरसामासमेत अध्ययन अध्यापन गराइन्छ । मक्कामा जन्मिनुभएका सलल्ला ५३ वर्षको

उमेरपछि मदिनामा सर्नुभएको थियो, यही सम्झनामा अहिले पनि साउदी अरेबियामा पर्ने यी दुवै तीर्थस्थलमा ठूलो मेला लाग्ने गरेको छ- उनले भने ।

यस पर्वका अवसरमा मक्का मदिना जानु शुभ मानिन्छ । गृह मन्त्रालयले आतेजाते विमान टिकटको व्यवस्था गरी हजयात्रा गराउने गरको छ । यस पर्वमा अल्लालाई खुसी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बलि) दिएका छन् । धार्मिक मान्यता अनुसार अल्लाहका नवी(दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माईललाई कुर्बानी गर्नुपर्ने आदेश प्राप्त भयो । जसलाई पालना गर्दा अल्लाह प्रशन्न भएर इस्माईलको कुर्बानी नभएर स्वर्ग (जनन्त) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यता छ ।

यसैकारण अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको मुस्लिम धर्मावलम्बीको भनाइ छ । निसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लाहसँग मन्नत मागेका थिए । अल्लाहले मलाई सन्तानको सुख दियो भने म कुर्बानी गर्छु भन्ने इब्राहिमको प्रतिबद्धता थियो । सोही अनुरुप अल्लाहले निजको परीक्षणस्वरुप सपनामा कुर्बानी गर्नुपर्छ भनेका थिए भन्ने मुस्लिम धर्मावलम्बीको विश्वास छ ।

उनले धेरै जनावर कुर्बानी गरे तर अल्लाह खुसी भएका थिएनन् । अन्तिममा आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेका थिए । यस घडीमा उनको परीक्षण सफल साबित भएपछि कुर्बानी गर्ने स्थानमा मानिसको होइन त्यही जन्नतमा पालिएर आएका दुम्बाको कुर्बान (बलि) भएको थियो ।

कुर्बानीको मासु तीन भागमा बाँडेर वितरण गरिन्छ । एक भाग गरीब एवम् विपन्न परिवारलाई, अर्को एक भाग आफ्ना इष्टमित्रलाई र तेस्रो भाग आफैंले खानुपर्ने मुस्लिम धार्मिक मान्यता रहेको नेपाली जामे मस्जिदका सचिव मन्सुर हुसेनले बताए । यसै अनुसार आज पहिलो दिनको बकर ईद मनाइएको छ । मुस्लिम धर्मावलम्बीले मङ्गलबारसम्म तीन दिन यो पर्व मनाउने जनाइएको छ ।

फिदिमका युवकको अर्जुनधारामा मृत्यु

झापा, असार २६। झापाका छुट्टाछुट्टै स्थानमा भएका सवारी दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन् ।

प्रहरीका अनुसार झापाको शनिश्चरे-बिर्तामोड सडकखण्डमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको हो ।

उता भद्रपुरमा भारतीय नम्बर प्लेटको कार दुर्घटनामा परी कार चालक भद्रपुर नगरपालिका-९ निवासी ४५ वर्षीय किरण मुर्मू गम्भीर घाइते भएका छन् ।

अर्जुनधारामा भएको मोटरसाइकल दुर्घटनामा पाँचथरको फिदिमका कुमार खनालको मृत्यु भएको हो । मृतकको साथमा रहेको नागरिकतामा पाँचथर फिदिम-५का कुमार खनाल उल्लेख छ । अर्जुनधारा-६ कप्तानबारी नजिकमा रहेको कल्भर्टमा दुर्घटना भएको हो ।

दुर्घटनास्थलमा मोटरसाइकल चालक सडकमा घोप्टो परेको अवस्थामा भेटिएका थिए । कल्भर्टमुनि उनी सवार बा. ४२ प १२८ नम्बरको होण्डाको युनिकर्न मोटरसाइकल पल्टिएको अवस्थामा स्थानीयले फेला पारेका हुन् । आइतवार बिहान मर्निङ वाकमा निस्किएका मानिसहरुले सडकमा मृत शरीर र कल्भर्टमुनि मोटरसाइकल देखेर प्रहरीलाई खबर गरेको प्रहरी चौकी शनिश्चरेका इञ्चार्ज प्रहरी नायव निरीक्षक रवि राईले जानकारी दिए ।

उनका अनुसार खबर पाउनासाथ प्रहरी चौकी शनिश्चरेको टोली खटिँदा मृतकको गोजीमा फिदिम-५ घर भएका कुमार खनालको नागरिकता फेला परेको थियो । मृतक कुमार खनाल नै भएको पुष्टि भएको प्रहरीले जनाएको छ । फिदिम घर भइ हाल झापाको बुद्धशान्ति-२मा बसोबास गर्दै आएका मृतकका दिदीले पहिचान गरेको पनि प्रहरीले जनाएको छ । ४-५ वर्षयता उनी जयपुरमा बसोबास गर्दै थिए ।

उता भद्रपुरमा-८स्थित मेची बहुमुखी क्याम्पसको गेटमा ठोक्किँदा डब्लुवी ७४ आर ६५६९ नम्बरको कार दुर्घटना भएको थियो । कारमा मुर्मू एक्लै सवार थिए । उनको टाउको र खुट्टामा चोट लागेकोले उपचारका लागि ओम साई पाथीभरा हस्पिटल भद्रपुरले पठाएको प्रहरीले जनाएको छ । कार तीव्र गतिमा रहेको र चालकले घुमाउरो बाटो कटाउन नसक्दा क्याम्पसको गेटमा गएर ठोक्किएको बताइएको छ ।

हाडजोर्नी तथा नशा रोगको सफल उपचार

सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता

आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,

दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र

अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।

दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।

कर्मचारी आवश्यकता

झापाको बिर्तामोडस्थित एक काठ मिलमा कर्मचारी अर्जेन्ट आवश्यक परेकोले तु-सम्पर्क सम्पर्क गर्नुहोला ।

नोट: भ्याट सम्बन्धी ज्ञान भएको, काठको अक्सन खुल्दा टेन्डर भर्न जान्ने , काठ चिरान हुँदा हिसाब राख्न जान्ने, सवारी चालक अनुमति पत्र भएको हुनुपर्नेछ ।

तलब: आपसी समझदारीमा ।

सम्पर्क: ९८५२६७३९२५, ९८०७९१५०१५

यौन तथा प्रजनन् रोगका विरामीहरूका लागि खुशीको खबर

यही असार २९ गते मंगलवारका दिन काठमाडौंबाट आउनु हुने

विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला ।

हाम्रा सेवाहरु: सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, मलिहरुको महिनावारी गडबढी, सेतोपानी बग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार । त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ ।

माता मनकामना आयुर्वेद क्लिनिक

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको

घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

प्रदेश सरकारले १९ जना स्रष्टालाई पुरस्कृत गर्ने

झापाबाट के.आर. खम्बू, लीला अनमोल र विमला चिमरिया



डा. के.आर. खम्बू

लीला अनमोल

विमला चिमरिया

झापा, असार २६। प्रदेश नं. १ सरकारले १९ जना स्रष्टाहरूलाई सम्मान गर्ने भएको छ ।

भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा योगदान पुऱ्याएका आधारमा पर्यटन तथा संस्कृति मन्त्रालयले उनीहरुलाई नगद राशिसहित सम्मान तथा पुरस्कृत गर्न लागेको हो ।

स्रष्टा सम्मानका लागि मन्त्रालयद्वारा गठित छनौट समितिले नाम छनौट गरेको पर्यटन तथा संस्कृति मन्त्रालयका संस्कृति तथा पुरातत्व शाखा प्रमुख भेषराज न्यौपानेले जानकारी दिए ।

उनका अनुसार बालकृष्ण पोखरेल भाषा, साहित्य, कला र संस्कृति स्रष्टा सम्मान- २०७९ बाट प्रा.डा. गोविन्द तुम्बाङ-सुनसरी (भाषा, साहित्य, अनुसन्धान) र प्रा.डा. कालुराम खम्बू-(केआर खम्बू)-झापालाई अनुसन्धान, संस्करणका लागि सम्मान गर्न लागिएको हो ।

यस्तै, प्रदेश भाषा, साहित्य, कला र संस्कृति श्रष्टा सम्मान- २०७९ इटहरीका कवि टंकबहादुर खुलाल गोवर्धन तामाङ-उदयपुर बिजय श्रेष्ठ- इलामलाई सम्मान गर्न लागिएको हो । उनलाई मूर्तिकलाबाट सम्मान गर्न लागिएको हो ।

यसैगरी, भरत गुरागाँई- मोरङ नाट्यकर्मी, ममता गिरी-सुनसरी साहित्य, लघुकथा, गोपाल देवान-सुनसरी (नाटककार, निर्देशन) लाई पनि सम्मान गर्न लागिएको न्यौपानेले बताए ।

यस्तै, वीरबहादुर लाप्चा- इलाम (लोक संस्कृति, संस्कृति संरक्षण), हरि कट्टेल-सोलुखुम्बू साहित्य, मान सिंह थुलुङ-इलाम संगीत, महेन्द्र राई-सुनसरी चित्रकला, जयन्तीरमण कण्ठ (सोनु जयन्ती) सुनसरी नाट्य अभिनयकर्मी र नवराज राई (नवराज वर्तमान)-भोजपुर साहित्य, कथाकार, कविलाई पनि प्रदेश सरकारले सम्मान गर्न लागेको हो ।

यस्तै, नवोदित भाषा, साहित्य, कला र संस्कृति स्रष्टा सम्मान पुरस्कार- २०७९बाट लीला उप्रेती (लीला अनमोल)-झापा (साहित्य), यशोदाकुमारी लम्साल-सुनसरी (चित्रकला),चेतन आङ्थुपो-इलाम (नाटक, निर्देशन), मधुराज केरुङ-पाँचथर (चलचित्र, साहित्य) र विमला चिमरिया-झापा (नाटक र अभिनय) लाई सम्मान गर्न लागिएको न्यौपानेले जानकारी दिए ।

स्रष्टा सम्मान समारोह आउँदो असार २७ गते मंगलबार विराटनगरस्थित आरोहण गुरुकुलमा हुने मन्त्रालयले जनाएको छ ।

रोटरी क्लब र रोट्याक क्लब सुरुङ्गाको पद हस्तान्तरण

पत्रकार राईलाई उत्कृष्ट रोटरी पत्रकारिता पुरस्कार

कनकाई, असार २६। रोटरी क्लब अफ सुरुङ्गाले पत्रकार दिपीन राईलाई वर्ष उत्कृष्ट पत्रकारिता पुरस्कारबाट सम्मानित गरेको छ ।

'हेमकला-टीकाराम निरौला रोटरी वर्ष उत्कृष्ट पत्रकारिता पुरस्कार' बाट झापाको अर्जुनधारा-७ निवासी यलम्बर टाइम्सका सम्पादक/प्रकाशक समेत रहेका पत्रकार राई पुरस्कृत भएका हुन् । ग्रामीण क्षेत्रको पत्रकारितामा निरन्तर रुपमा क्रियाशील हुँदै सञ्चारको माध्यमबाट रोटरी क्लबका गतिविधि साथै विभिन्न सामाजिक संघ-संस्थामा समेत नेतृत्व तहमा रहेर समाज रुपान्तरणमा खेलेको भूमिकाको उच्च मूल्याङ्कन गर्दै रोटरीले पत्रकार राईलाई सम्मान गरेको जनाएको छ ।

कनकाई सुरुङ्गा प्रेस क्लबका अध्यक्ष साथै रोटरी क्लब अफ सुरुङ्गाका सहसचिव समेत रहेका कनकाई नगर क्षेत्रका क्रियाशील पत्रकार रामप्रसाद निरौला र श्रीमति शान्ता निरौलाले आफ्ना जन्मदाता एवम् कर्मदाता बुबाआमा टीकाराम र हेमकला निरौलाको नाममा स्थापना गरेको पत्रकारिता पुरस्कारबाट पत्रकार राई सम्मानित भएका हुन् ।

सम्मानित पत्रकार छनौटका लागि रोटरी क्लबका तर्फबाट पूर्व अध्यक्ष कुमारमणि पोखरेल, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष केशव भट्टराई साथै दाता परिवारकातर्फबाट रामप्रसाद निरौलासहित तीन सदस्यीय समितिले भूमिका खेलेको बताइएको छ ।

रोटरी एवम् रोट्याक्ट क्लब अफ सुरुङ्गाको क्रमशः पाँचौं साथै तेस्रो पद हस्तान्तरण कार्यक्रमका अवसरमा पत्रकार राईलाई दोसल्ला ओढाएर नगद १५ हजार एक सयसहित सम्मान-पत्रबाट सम्मान गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि रोटरीका निवर्तमान डिस्ट्रिक गभर्नर सन्तोष रिजाल, एजी निकिता गिरी, रोटरी क्लब अफ सुरुङ्गाका अध्यक्ष खेम प्रसाई, निवर्तमान अध्यक्ष सुशीलकुमार श्रेष्ठ, पूर्व अध्यक्ष टीकाप्रसाद जमरकट्टेल लगायतले सम्मान गरेका थिए । दाता परिवारका तर्फबाट टीकाराम एवम् हेमकला निरौला, रामप्रसाद एवम् शान्ता निरौला, सार्थक र समृद्धि निरौलासहित परिवारका सदस्य तारानिधि दवाडीले पत्रकार राईलाई सम्मान गरेका हुन् । कार्यक्रममा पत्रकार राईका बिषयमा पुरस्कार दाताकातर्फबाट राम निरौलाले बोलेका थिए ।

रोटरी क्लब अफ सुरुङ्गाका अध्यक्ष खेमप्रसाद प्रसाईको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान डिस्ट्रीक गर्भनर सन्तोष रिजालको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा एजी निकिता गिरीसहित रोटरी साथै रोट्याक्ट क्लबका अन्य शाखाका अध्यक्ष साथै पदाधिकारीहरु, विभिन्न सामाजिक साथै स्थानीय स्तरमा क्रियाशील राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

क्लबका प्रेसिडेन्ट इलेक्ट शिवकुमार कँडेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन रोटरी र रोट्याक्ट क्लबका सचिवद्वय क्रमशः मेनुका उप्रेती र सारिका गिरीले गरेका थिए ।

बढ्दैछ वैवाहिक सम्बन्धविच्छेद

झापा,असार २६। पछिल्लो समय देशैभर वैवाहिक सम्बन्धविच्छेदका घटना बढ्दै गएका छन् । वैवाहिक सम्बन्धविच्छेद बढ्दै जानुको मुख्य कारण बसाईंसराइ र स्वतन्त्रता रहेको बताइन्छ ।

त्यस्तै गाउँ छाडेर शहरी वातावरणमा रमाउने, अर्काको देखासिकी गर्ने, राम्रो लगाउने, मीठो खाने र आम्दानीभन्दा खर्च धेरै गर्ने भएका कारण परिवारभित्र कलह शुरु हुने र त्यो बढ्दै गएर सम्बन्ध विच्छेदमा परिणत हुने गरेको दाङ जिल्ला अदालतका मुख्य न्यायाधीश रीतेन्द्र थापाले बताए ।

दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिका-३ दमारगाउँका ३० वर्षीय गोकर्ण विकले दाङकै घोराही उपमहानगरपालिका-५ धर्नाकी २८ वर्षीया कल्पना विकसँग २०६४ सालमा मागी विवाह गरे ।

विवाहको एक वर्षपछि छोरीको जन्म भयो । छोरी जन्मिएको केही समयपछि नै श्रीमान-श्रीमतीबीच खटपट शुरु भयो । गोकर्णले कल्पनालाई घरछेउका छिमेकीको घरमा जाँदा पनि छिमेकीको छोरासँग लागेकी भनेर शङ्का गर्ने, छोरीलाई स्याहार नगरेको आरोप लगाउने गर्न थाले ।

आफूमाथिको आरोप कल्पनालाई सह्य नभएपछि घर झगडा शुरु भयो । घरको आर्थिक अवस्था कमजोर भएकाले कल्पना वैदेशिक रोजगारीका लागि युनाइटेड अरब इमिरेट्सको दुबई गइन् । विदेशमा रहेकी श्रीमती बिग्रेको हुन्छे भन्ने शङ्काले गोकर्णलाई झनै पिऱ्यो । कल्पनाको भनाइ छ- विदेशमा भने जस्तो समयमा छुट्टी मिल्दैन नि, भनेको समयमा फोन उठाएन भने कोसँग कहाँ बसेकी छस् भनेर शङ्का गरेर गाली गर्न थाल्नुभयो । त्यसपछि श्रीमानले उजुरी दिएको घटना सम्झँदै कल्पना भन्छन्- उहाँले मसँग सरसल्लाह नगरी आफूखुशी घर छोडी गएको, छ वर्षदेखि सम्पर्कमा नआएकाले अब तिमीसँग बस्न सक्दिनँ भन्नुभएको थियो । त्यही भनेर उजुरी दर्ता गर्नुभएछ ।

कल्पना विदेशमै रहेका समयमा गोकर्णले सम्बन्धविच्छेद गरिपाउँ भनी २०७८ मंसीर १४ गते दाङ जिल्ला अदालतमा मुद्दा दर्ता गरे । श्रीमान-श्रीमतीबीच सल्लाह भएर नै आफू विदेश गएको कल्पनाको भनाइ छ ।

विदेशी भूमिमा आफूले परिवारकै लागि पसिना बगाउँदा बगाउँदै पनि श्रीमानले आफूमाथि अन्याय गरेको र सम्बन्धविच्छेदको मुद्दा हालेको कल्पनाको भनाइ छ । यसैले झै-झगडा गरेर रातदिनको किचलो सहनुभन्दा अलग भएर बस्न उत्तम देखेर सम्बन्धविच्छेद गर्न तयार भएको उनले अदालतमा दिएको प्रतिउत्तरमा उल्लेख छ । जिल्ला अदालतले मुद्दाको २०७८चैत १२ गते उनीहरूकी छोरी बाबुसँगै रहने र सम्पत्तिमा कुनै दाबी नगर्ने गरी मुलुकी देवानी संहिता, २०७४ को दफा ९३ बमोजिम फैसला सुनायो ।

दाङकै शान्तिनगर गाउँपालिका-५का २७ वर्षीया मनिषा खत्री र सोही पालिकाकै २८ वर्षीय विकास रावतको सामाजिक परम्परा अनुसार २०६९ सालमा विवाह भयो । बिहे भएको एक वर्षपछि छोरीको जन्म

भयो । विकास वैदेशिक रोजगारीका लागि साउदी अरब जाने आउने गर्थे । मनिषा सासूससुरासँग घरमै बस्थिन् । विकासले आफ्नै साथीलाई मोबाइलमा कुरा गर्न लगाएको मनिषालाई थाहा भएन । त्यसपछि विकासले 'अबदेखि म पैसा पठाउन सक्दिनँ, तैंले आफ्नो बाटो गर' भन्ने गरेको मनिषाको भनाइ छ ।

मनिषा भन्छिन्- फोनमा कुरा गरेको निहुँ पारेर रातदिन गाली खान शुरु भयो । श्रीमानले जिल्ला अदालत दाङमा २०७७ पुष २५ गते सम्बन्ध विच्छेदको मुद्दा दर्ता गरे । वि.सं. २०७८ मंसीरमा सम्बन्ध विच्छेदको मुद्दा टुङ्गो लाग्यो । उनीहरूकी आठ वर्षकी छोरी बाबुसँगै रहने र श्रीमानको सम्पत्ति तीन भाग लगाउने, त्योमध्येको एक भाग लिएर अलग भएर बस्न तयार रहेको फैसलामा उल्लेख गरिएको छ ।

मुद्दाको चाप बढ्दै

दाङ जिल्ला अदालतका मुख्य न्यायाधीश रीतेन्द्र थापा पछिल्लो समयमा दाङमा सम्बन्ध विच्छेदका घटनामा वृद्धि भएको बताउँछन् । आव २०७४/७५ मा ६४० जोडीले सम्बन्ध विच्छेदका लागि दाङ जिल्ला अदालतमा मुद्दा दर्ता गराएकामा ४९५ जोडीको मुद्दा फछ्यौंट भएको थियो । आव २०७५/०७६मा ९१५ सम्बन्ध विच्छेदका लागि अदालतमा मुद्दा दर्ता गराएकामा ६४० जोडीको मुद्दा फछ्यौंट भएको थियो । आव २०७६/७७ मा ७८४ सम्बन्ध विच्छेदका लागि अदालतमा मुद्दा दर्ता गराएकामा ४४९ जोडीको मुद्दा फछ्यौंट भएको र आव २०७७/७८ मा सम्बन्ध विच्छेदका लागि अदालतमा एक हजार ५४ मुद्दा दर्ता भएकोमा ७१३ जोडीको मुद्दा फछ्यौंट भएको अदालतले जनाएको छ ।

त्यसैगरी आव २०७८/७९को असार १७ सम्म सम्बन्ध विच्छेदका एक हजार ३४७ मुद्दा दर्ता भएकामा ९७८ को फैसला भइसकेको र ३७९ प्रक्रियामा रहेको सूचना अधिकारी राजेन्द्रकुमार शर्माले जानकारी दिए । अदालतमा सम्बन्ध विच्छेद गर्न आउनेमा महिलाको संख्या धेरै रहेको र २३ देखि २६ वर्ष उमेरसम्मका श्रीमान् श्रीमतीमा यो अवस्था आउने गरेको उनले बताए ।

किन बढ्दैछ सम्बन्धविच्छेद ?

मुख्य न्यायाधीश थापाका अनुसार यसो हुनाका मुख्य कारण बसाईंसराइ र स्वतन्त्रता हुन् । गाउँ छाडेर शहरी वातावरणमा रमाउने, अर्काको देखासिकी गर्ने, राम्रो लगाउने, मीठो खाने र आम्दानीभन्दा खर्च धेरै गर्ने भएका कारण परिवारभित्र कलह शुरु हुन्छ र त्यो फैलिँदै गएर सम्बन्धविच्छेदमा परिणत हुने उनको ठम्याइ छ ।

घोराही उपमहानगरपालिका-६ का ९१ वर्षीय चूडामणि पौडेल आधुनिकताका नाममा नेपाली संस्कारमाथि विभिन्न विकृति, विसङ्गति थपिँदै गएका कारण पछिल्लो समयमा वैवाहिक सम्बन्धमा खटपट आउने गरेको बताउँछन् । पौडेलका अनुसार, पहिलेपहिले वरबधुको छनौट गर्दा दुवैतर्फको तीन पुस्तासम्मको सोधपुछ गरेर मात्र अन्तिम टुङ्गोमा पुग्ने गरिन्थ्यो ।

पहिला केटा वा केटीको मावलीतर्फको समेत सोधखोज गरेर मात्र विवाहको निर्क्यौल गर्ने चलन थियो । कूल हेरेर विवाह गर्ने- मूल हेरेर पानी खाने उखान लागू गरेर वरबधुको छनौट गर्ने त्यो बेलाको समाजमा वैवाहिक सम्बन्धविच्छेदका घटना छिटपुट मात्र हुन्थ्यो- उनी भन्छन्- अहिलेको वैवाहिक सम्बन्ध जोड्ने प्रक्रिया हेर्ने हो भने अधिकांश निर्णय फेसबुकबाट परिचय गरेर फेसबुकबाटै विवाह गर्ने अन्तिम टुङ्गोमा पुग्ने गरेको पाइन्छ । बाँचुञ्जेलका लागि जोडिने वैवाहिक सम्बन्धलाई एक/दुई घण्टाको यात्राको साथी जस्तै हलुको पाराले हेर्ने गरेका कारण सम्बन्ध टिक्न नसकेको पौडेलको भनाइ छ ।

अधिवक्ता लेखनाथ काफ्ले पारिवारिक बेमेल, आपसी समझदारीको अभाव, वैदेशिक रोजगारीका क्रममा उत्पन्न विवाद, वैदेशिक संस्कृतिको सिको, चाँडो उमेरको प्रेम विवाह आदिले वैवाहिक सम्बन्धविच्छेदका घटना दिनानुदिन बढ्दै गएको बताउँछन् । काफ्लेका अनुसार पतिले अर्को विवाह गरेको, पत्नीको अङ्गभङ्ग हुने तथा मानसिक कष्ट हुने जाल प्रपञ्च गरेको, खान लगाउन नदिई घरबाट निकालिदिएको, अन्य महिलासँग यौन सम्बन्ध राखेको र पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा पत्नीले पतिसँग सम्बन्धविच्छेद गर्नसक्ने व्यवस्था छ । यस्तो व्यवस्था मुलुकी देवानीसंहिता, २०७४ ले गरेको हुनाले पनि अहिले वैवाहिक सम्बन्धविच्छेदका घटना बढ्न थालेको उनको तर्क छ ।

अधिवक्ता अर्जुनकुमार अधिकारीको अवलोकनमा जति छिटो वैवाहिक सम्बन्ध जोडिन्छ, त्यतिकै छिटो सम्बन्धविच्छेद हुने गरेको देखिन्छ । यो तथ्यलाई प्रमाणित गर्न अदालतमा दिनहुँ दर्ता हुँदै गएका सम्बन्धविच्छेदका मुद्दालाई लिन सकिने उनी बताउँछन् । स्वदेशमा बढ्दो बेरोजगारीले गर्दा पति वा पत्नी विदेश गई कमाएर घर पठाएको पैसा आफू विदेशबाट फर्कंदा हिनामिना भएको, आफूले पठाएको पैसा लिइ बालबच्चालाई बिचल्लीमा पार्दै पति वा पत्नीले दोस्रो विवाह गरेको अवस्थाले पनि सम्बन्धविच्छेदको घटनामा वृद्धि भएको अधिवक्ता अधिकारी बताउँछन् । दाङमा सम्बन्धविच्छेदका घटनालाई महिलावादी दृष्टिकोणले पनि अध्ययन र विश्लेषण गर्ने गरिएको पाइँदैन ।

यस्तो छ कानूनी व्यवस्था ?

मुलुकी देवानी संहिताको दफा ९३मा पतिपत्नी दुवैले चाहेमा सम्बन्धविच्छेद गर्न पाउने कानूनी व्यवस्था छ । साथै दफा ९४ मा पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा, पत्नीले पतिको अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा, पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा पुरुषले सम्बन्धविच्छेद गर्नसक्ने व्यवस्था रहेको छ ।

त्यस्तै कानून बमोजिम अंश लिई वा मानो छुट्टिइ पतिपत्नी छुट्टै बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिइ लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा पुरुषले सम्बन्धविच्छेद गर्नसक्ने व्यवस्था छ ।

सोही संहिताको दफा ९५मा कानून बमोजिम अंश लिइ वा मानो छुट्टिइ पतिपत्नी भिन्न बसेका अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिइ लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा, पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा, पतिले पत्नीको अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा महिलाले सम्बन्धविच्छेद गर्नसक्ने व्यवस्था रहेको छ । पतिले अर्को विवाह गरेमा, पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा र पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा पनि पत्नीले सम्बन्ध विच्छेद गर्नसक्ने कानूनी व्यवस्था रहेको छ ।

दफा ९६ मा मेलमिलापको व्यवस्था पनि छ । सो बमोजिम सम्बन्धविच्छेदको लागि महिला वा पुरुषको निवेदन परेमा अदालतले दुबै पक्षलाई सकेसम्म सम्झाइबुझाइ मेलमिलाप गराउनुपर्ने हुन्छ । दफा ९७ मा चाहिँ सम्झाउँदा बुझाउँदा पनि पतिपत्नीबीच मेलमिलाप गराउन नसकेपछि मात्रै सम्बन्धविच्छेद गर्न पाउने कानुनी व्यवस्था छ । दफा ९७ बमोजिम पति र पत्नीबीच मेलमिलाप गराउन अदालतले सम्झाउँदा बुझाउँदा पनि पति र पत्नीले मञ्जुर नगरेमा निवेदन परेको एक वर्षपछि अदालतले सम्बन्धविच्छेद गराउनुपर्ने व्यवस्था सो संहितामा उल्लेख गरिएको छ ।

स्थानीय तह र व्यक्तिको भूमिका

तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुख स्यानी चौधरीका अनुसार झै-झगडाका, मानाचामल, सिमाना विवाद, घरभाडा, जग्गा रोक्कालगायतका मुद्दा न्यायिक समितिले हेर्ने गरेको छ । वैदेशिक रोगजारीमा गएका मानिसको प्रायःजग्गा रोक्काको मुद्दा आउने गरेको छ । न्यायिक समितिले तीन महिना मात्रै जग्गा रोक्का गर्न पाउने प्रावधान रहेको छ । स्थानीय सरकार सञ्चालन ऐनको कार्यविधिमा रहेर काम गर्ने गरेको चौधरी बताउँछन् । थाहा नपाएकाहरू सम्बन्धविच्छेदका मुद्दा लिएर न्यायिक समितिमा आए पनि आफ्नो क्षेत्राधिकारभित्र नपरेका कारण सम्बन्धित निकायमा पठाउने गरेको उनी बताउँछन् ।

लाम्काने पाठो सिम्बा बन्यो विश्वभरि चर्चित

झापा, असार २६। डम्बोबारे धेरैले सुनेका छन्, कार्टुन चलचित्रको यो हात्तीलाई लामो कान भएका कारण साथीहरूले जिस्काउँछन् र उसलाई सर्कसमा क्रुर तरिकाले प्रदर्शन गर्न बाध्य पारिन्छ ।

लामो कान भएका कारण चर्चित बन्ने अब डम्बो एक मात्र जनावर रहेन । पाकिस्तानको कराँचीको पाठो सिम्बाको प्रत्येक कानको लम्बाई २१ इञ्च छ । र, समय पनि परिवर्तन भएको छ । सिम्बा ठट्टाको पात्र होइन, सौन्दर्य प्रतियोगिता जितेर र शानको जिन्दगी बिताएर यो पाठो विश्व चर्चित बनेको छ । सिम्बा पालेका मोहम्मद हसन नारेजोले एएफपीलाई गीनीज बुक अफ वर्ल्ड रेकर्डमा हालसम्मकै सबैभन्दा उत्कृष्ट बाखोको रूपमा नाम लेखाउन प्रयास गरेको बताएका छन् ।

कीर्तिमानको पुस्तकमा सबैभन्दा लामो कान भएको बाखोको हालसम्म प्रविष्टि नभएकोले सिम्बाको कान विश्व कीर्तिमान हो वा होइन भन्ने स्पष्ट छैन । तर, जे भए पनि सिम्बाको तस्वीर सोसल मिडियामा प्रख्यात हुन थालेपछि पाकिस्तानमा यो पाठो चर्चित बनेको छ । तर, त्यति लामो कान लिएर जन्मेको पाठोका आफ्नै चुनौतिहरू पनि छन् । पहिलो चुनौतिले आफ्नै कानमा अल्झिएर लड्ने हो कि भन्ने छ । त्योबाट बचाउन नारेजोले सिम्बाको कानलाई ढाडमा बाँधेर राख्न एउटा पेटी बनाएका छन् । अर्को तनाव भनेको प्रतिद्वन्द्वी बाखा पालकहरू रहेका छन् । अन्यको नराम्रो कार्यबाट बच्न नारेजोले प्रार्थना र परम्परागत विधिहरू गर्ने गरेका छन् । खराब नजरबाट बचाउन हामी कुरानको पाठ गर्छौं- नारेजोले एएफपीलाई बताए ।

तर, नारेजोको लक्ष्य भने ठूलो छ । उनी सिम्बालाई हुर्काएर पाकिस्तान विश्वमै अग्रणी बाखापालन देश भएको देखाउन चाहन्छन् । सिम्बाको पाकिस्तानको नाम विश्वभर सुनिनुपर्छ । सिम्बाको कान भने अझै बढिरहेको छ । विगत तीन साताको सिम्बाको कान थप छ सेन्टिमिटर लामो भएको छ ।

नेताहरू ...

पुऱ्याएको छ, त्यसैको परिणाम राष्ट्रपतिले भाग्नुपरेको छ, प्रधानमन्त्रीको घरमा जनताले आगो लगाएका छन् । देश पूरै ठप्प छ'- उनले भने- 'कुनै बेला दक्षिण एसियामा सबै मानव विकास सूचकांकमा अघि रहेको श्रीलंका आज टाट पल्टेर संसारसँग भीख मागिरहेको छ ।'

नेपालमा पनि केही पार्टीका नेताहरू राजापाक्षेकै पथमा लागेको आरोप उनले लगाए । 'भाइ, छोरी-ज्वाइँलाई पोलिटब्युरो, सांसद, मेयर, छोरालाई स्यानिटरी प्याडको जिम्मा, श्रीमतीलाई व्यापारी डिल गर्ने जिम्मेवारी- नेपाली राजनीतिमा राजापाक्षे-पथकै अनुकरण हो, जसबाट क्रमशः मुलुक खोक्रो हुन्छ, परिवार मोटाउँछ र अन्ततः राजनीतिमा राजापाक्षे परिवारकै नियति भोग्दछ', एमाले केन्द्रीय प्रचार विभागका उपप्रमुख रिजालले सामाजिक सञ्जालमा लेखेका छन् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९५९०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रूपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

विश्व जनसंख्या दिवसको सार्थकता

अहिले विश्वको जनसंख्या आठ अर्ब पुगिसकेको छ । बढ्दो जनसंख्याका कारण भावी सन्ततिको जीवन कष्टकर हुने, आवश्यक सेवा-सुविधा अपुग हुने, प्राकृतिक स्रोत मासिने भएकाले यसप्रति सचेत गराउन विश्व जनसंख्या दिवस मनाउन थालिएको छ । यसक्रममा सेमिनार, गोष्ठी, साहित्य प्रतियोगिता, कार्यशालाका साथै सञ्चारसाधन मार्फत सचेतना कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । यस्ता कार्यक्रमको उद्देश्य भनेकै जनसंख्या वृद्धिको बढ्दो दरलाई रोक्नु नै हो । जनसंख्या वृद्धिका कारण गरिबी, वेरोजगारी, प्रदूषण, वन विनास आदि संकट थपिँदैछन् । भारत, चीन जस्ता देशमा भएको अधिक जनसंख्या र वृद्धिदरले विश्वलाई चिन्ता थपिएको छ । त्यहीकारण लैङ्गिक समानता, गरिबी, मातृशिशु स्वास्थ्य र मानव अधिकार लगायतका महत्वपूर्ण मुद्दालाई सम्बोधन गर्न जनसंख्या दिवस मनाउने गरिएको छ ।

हरेक वर्ष जुन ११ का दिन विश्व जनसंख्या दिवस मनाइन्छ । संयुक्त राष्ट्र संघको आह्वान अनुसार मनाउन थालिएको यो दिवसले प्रकृतिको सुरक्षा गर्दै जलवायु परिवर्तनको बढ्दो विनाशकारी प्रभावले जनवायु संकट उत्पन्न भई मानव जीवनमा परेको प्रभाव कम गर्ने उद्देश्य लिएको छ । कारण विश्वका प्रत्येक दश जनामा नौ जनाले प्रदूषित हावामा सास फेर्छन् र करिब सत्तरी लाख मानिसले अस्वस्थकर वायुमण्डलका कारण मृत्युवरण गर्ने गर्छन् । विश्वका दुई अर्ब मानिसले सुरक्षित पिउने पानी पाउँदैनन् । प्रदूषणकै कारण अनेक सरुवा रोग लागेर झण्डै साढे आठ लाख मानिसले ज्यान गुमाउँछन् । त्यसमा पनि तेह्र लाखभन्दा बढी मानिसको वातावरणीय कारणले मृत्यु हुने गरेको छ ।

सन् १९८५ बाट मनाउन शुरु गरिएको विश्व जनसंख्या दिवसको लक्ष्य भनेकै आदर्श विश्वको परिकल्पना हो । आदर्श विश्वका लागि समानता, सुरक्षा, रोजगारी, शिक्षा, स्वास्थ्य सेवाको प्रत्याभूति आवश्यक छ । आज विश्वका करिब सत्ताइस करोड मानिस यिनै सेवा-सुविधाका लागि एक ठाउँबाट अर्को ठाउँमा, एक देशबाट अर्को देशमा आउने-जाने गरिरहेका छन् । अझ आइएलओले त चालीस करोड मानिस स्थानान्तरण हुने वार्षिक तथ्यांक सार्वजनिक गरेको छ । मानिसको सेवा-सुविधाको परिपूर्ति प्राकृतिक स्रोतसाधन मै निर्भर भएकाले त्यसको अनुचित तथा आर्थिक प्रयोग तथा दोहनले वातावरण नष्ट हुन्छ । वातावरण नष्ट हुँदा जलवायु परिवर्तन भई अनेक संकट उत्पन्न हुन्छन् । सामाजिक अपराधहरु बढ्छन्, हिंसा, द्वन्द्वले अराजकता मौलाउँछ । विश्वलाई बन्धुत्वको भावनामा उनेर साझा घर र एउटै परिवारमा रुपान्तरण गर्न यो दिनले प्रेरित गरोस् । अनि मात्र हाम्रो पृथ्वी सुरक्षित हुन्छ र हामी र हाम्रो सन्ततीको पनि भविष्य सुरक्षित हुन्छ ।

फिनल्याण्डबाट नेपालले के अनुशरण गर्ने ?

तीर्थराज खरेल

उत्तर युरोपेली देश फिनल्याण्ड स्क्याण्डिनेभियन मुलुकहरू मध्ये सबैभन्दा विकसित भनेर परिचित छ। ३,३८,४५५ वर्ग किलोमिटर क्षेत्रफल र लगभग ६० लाख जनसंख्या रहेको फिनल्याण्ड ५९ हजार अमेरिकी डलर प्रतिव्यक्ति आय रहेको संसारका २३औं सम्पन्न मुलुक हो । मानव विकास सूचकाङ्कमा ११औं स्थानमा पर्ने फिनल्याण्डको विकास संसारका सबै देशका लागि लोभलाग्दो र अनुकरणीय रहेको छ। औसत आयु पुरुषको ८० वर्ष र महिलाको ८५ वर्ष रहेको फिनल्याण्ड संसारकै सबैभन्दा समृद्ध मुलुकको सूचीमा आउँछ। फिनल्याण्डको आधिकारिक नाम गणतन्त्र फिनल्याण्ड हो। भौगोलिक रूपमा यो देश नेपालभन्दा करिब तीन गुना ठूलो छ।

फिनल्याण्ड १२औं शताब्दीदेखि १९औं शताब्दीसम्म स्वीडेनको अधिनमा थियो । सन् १८०९ पछि रुसको अर्धउपनिवेशको रूपमा रहेको थियो। यस देशले १९१७, डिसेम्बर ६ का दिनमा पूर्ण स्वतन्त्रता प्राप्त गरेको हो। दोस्रो विश्वयुद्धको समयमा यो देशले आफूभन्दा निकै बलियो प्रतिपक्षी सोभियत रुसको सामना गरेर आफ्नो स्वतन्त्रताको बचाउ गरेको थियो। तर, यसै समयमा यसले पूर्वमा आफ्नो केही भू-भाग गुमाउनु परेको थियो भने विगत आधा दशककै अवधिमा फिनल्याण्डले एउटा वनजङ्गल र कृषिमा आधारित अर्थव्यवस्थालाई एक विविधतायुक्त आधुनिक औद्योगिक अर्थव्यवस्थामा परिवर्तन गर्न सफल भएको छ।

फिनल्याण्डका नागरिक संसारकै सबैभन्दा खुशी मानिन्छन् भने यहाँको प्रगति, स्वतन्त्रता र सामाजिक सुरक्षा विश्वकै लागि अनुशरणीय बन्ने गरेको छ। फिनल्याण्ड एक पुँजीवादी मुलुक हो, तर समाजवादले परिकल्पना गरेका जनहितकारी नीतिहरू र जनकल्याणकारी राज्यका प्रावधानहरू यहाँ धेरै मात्रामा व्यवहारिक रूपमा लागू गरिएका छन्। फिनल्याण्डको प्रगतिको आत्मा भनेको प्रगतिशील सामाजिक मान्यता हो। त्यसैले फिनिस समाजलाई विश्वकै उदाहरणीय समाज मानिन्छ। विकासका मानकहरूमा फिनल्याण्ड विश्वमै अग्रस्थानमा छ। शिक्षा तथा स्वास्थ्य सेवा, न्यून भ्रष्टाचार, दिगो विकास, जनशक्ति विकासमा फिनल्याण्डले गरेको प्रगतिकै कारण आज यो मुलुक अघि बढ्न सकेको हो।

विकासका सूचकाङ्कमा शीर्षस्थानमा आउँछ फिनल्याण्ड। फिनल्यान्डकी वर्तमान प्रधानमन्त्री सन्ना मरिन हुन्, उनी सो पद सम्हाल्दा जम्मा ३४ वर्षकी थिइन्। उनको मन्त्रिमण्डलका अधिकांश सदस्य पनि ४० वर्षभन्दा कम उमेरका छन्। कम उमेरको र त्यसमा पनि महिला भएकाले उनको छनोटको विश्वभर चर्चा भयो। अझ उल्लेखनीय पक्ष, उनको सरकार निर्माणका लागि गठित गठबन्धनका सबै पाँचै दलका प्रमुख महिला थिए। त्यति मात्र होइन उनको मन्त्रिमण्डलका १२ मन्त्री महिला छन्, जम्मा सात मन्त्री मात्र पुरुष छन्। कार्यपालिका मात्र होइन देशको विधायिका वा संसदमा पनि अहिले ४७ प्रतिशत महिला छन्। संसदमा महिलाको यो उत्साहप्रद उपस्थितिले भविष्यमा पनि फिनल्याण्डको कार्यकारी पदमा महिलाको सहभागिता सुनिश्चित हुने स्थिति बनेको छ। अघिल्लो मन्त्रिपरिषदमा यातायात मन्त्री रहेकी मरिनको सफलतामा उनको मेहनत त जिम्मेवार थियो नै देशले विगत लामो समयदेखि चालेका सकारात्मक नीतिहरूको पनि यसमा खास भूमिका छ।

वर्षौंको लैङ्गिक समानतामुखी कार्यक्रमकै कारण सो मुलुक जेन्डर ग्याप रिपोर्ट इन्डेक्समा शीर्ष स्थानमा छ। फिनल्यान्डले महिला समानतालाई आफ्नो संस्कृति नै बनाएको छ। बालबालिकालाई साना कक्षादेखि नै महिला र पुरुष समान हुन् भन्ने शिक्षा दिइन्छ। यस क्रममा पाठ्यक्रममा रहेका नारीद्वेषी कुनै पनि धारणा वा महिला अस्मिता विरोधी सामग्री हटाउन विशेष जोड दिइएको छ। राजनीतिमा फिनल्यान्डले निश्चित प्रतिशत महिलाको प्रतिनिधित्व हुनै पर्ने आरक्षण संख्या तोकेको छ। कोटा प्रावधानले फिनल्यान्डमा मात्र होइन विश्वभर नै जहाँ-जहाँ यसको प्रयोग भएको छ महिला प्रतिनिधित्व बढाएको उदाहरण छ। सरकारी प्रशासन समिति, सल्लाहकार बोर्ड र अन्य निकायमा कुनै पनि लिङ्गको प्रतिनिधित्व ४० प्रतिशतभन्दा कम हुन नहुने व्यवस्था गरेको छ। यसबाट महिलाको समावेशिताको ग्यारेन्टी मात्र गरेको छैन, महिला मात्र हावी हुने सम्भावनालाई पनि रोक्ने प्रावधान राखिएको प्रष्ट हुन्छ।

विभिन्न अध्ययनले बाल हेरचाहमा महिलामाथिको जिम्मेवारी कम गर्दा पनि राजनीतिमा तिनको प्रतिनिधित्व बढ्ने देखाएको छ। फिनल्यान्ड सरकारले बालबालिकाको हेरचाहमा सहयोग पुऱ्याउन प्रसूति बिदा पति र पत्नी दुबैलाई बराबर दिइने व्यवस्था गरेको छ। अन्य विकसित देशमा प्रसूति बिदा दिँदा कर्मचारी कति समयदेखि काम गरिरहेको छ, कुन पदमा छ आदिले फरक पार्छ। तर, फिनल्यान्डमा कर्मचारीमा यस्तो कुनै भेदभाव गरिँदैन। सामाजिक रूपमा पुरुषले पनि बाल स्याहारमा हिस्सा लिनुपर्छ भन्ने भावनाले गर्दा पुरुषहरूले अन्य धेरै देशमा जस्तो अरूले के भन्लान्, अरुले के सोच्लान् भनेर पन्छने गर्दैनन्।

साँच्चैभन्दा फिनल्याण्ड आदर्श समाजको उदाहरण नै हो। फिनल्याण्डको विकास र प्रगतिका लागि त्यहाँको शिक्षा प्रणालीलाई प्रमुख रूपमा जस दिने गरिन्छ। फिनल्याण्डको शिक्षा प्रणाली विश्वका अन्य मुलुकको भन्दा भिन्न र प्रगतिशील रहेकै कारण फिनल्याण्ड प्रगतिको पथमा अघि बढेको हो। शतप्रतिशत साक्षर रहेको यो देशमा सबैभन्दा ठूलो धार्मिक सम्प्रदायको रूपमा रहेको लुथरन क्रिश्चियन समुदायले हरेक फिनिस साक्षर हुनुपर्ने अभियानलाई सयौं वर्षदेखि जोड दिएका कारणबाट पनि साक्षर र शिक्षितको संख्या बढेको हो। आधुनिक शैक्षिक प्रणाली अनुसार त्यहाँ पूर्णरूपमा निःशुल्क र अनिवार्य शिक्षाको प्रावधान छ, शिक्षा आर्जनका लागि आवश्यक सम्पूर्ण खर्च राज्यको जिम्मेवारीका रूपमा रहेको छ। अर्को महत्वपूर्ण कुरा फिनल्याण्डमा निजी विद्यालय छैनन्। अतः गरीब र धनी वर्गका विद्यार्थीले लिने शिक्षामा भेदभाव हुन्न।

नेपालमा अभिभावकले ठूलो खर्च व्यहोर्नुपर्ने एकातिर छ भने अर्कातिर नानीबाबुहरूलाई किताबको भारी बोकाउने, तर सिक्न अभिप्रेरित गर्ने काम कम हुने गरेको छ। फिनल्याण्डको आधारभूत शिक्षा प्रणालीले प्रतिस्पर्धाभन्दा पनि सहकार्यमा जोड दिने गरेको छ। त्यहाँका विद्यालयमा परीक्षा, गृहकार्य र विद्यालय तथा विद्यार्थीबीचको प्रतिस्पर्धालाई निरुत्साहित गरिँदै आइएको छ, तर नेपालमा प्रथम, द्वितीय र तृतीय हुनुलाई गर्वका रूपमा प्रस्तुत गरिन्छ। कलिला मस्तिष्कमा अस्वस्थ प्रतिष्पर्धाको 'कालो विष' रोपिन्छ। पछि गएर त्यही विष फैलिन्छ समाजमा र राजनीति, अर्थनीति, कूटनीति, शिक्षानीति सबै नीतिहरू विषाक्त बन्दछन्।

नेपालमा विद्यालयमा गृहकार्यलाई अनावश्यक महत्व दिइन्छ तर फिनल्याण्डमा विद्यार्थीलाई दैनिक केबल आधा घण्टाको समयमात्र गृहकार्य गर्न दिइन्छ। फिनिस शिक्षा प्रणाली भन्दछ- 'बालबालिकाको बालापन मार्नुहुँदैन र विद्यालय बालबालिकाले खुशी पाउने स्थान हुनुपर्छ।' फिनल्याण्डमा आधारभूत शिक्षकले कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेकै हुनुपर्छ भने त्यहाँ विद्यार्थी र शिक्षक संख्याको अनुपात एकदमै थोरै रहेको छ। शिक्षण पेसालाई फिनिस समाजमा आदर गरी उपल्लो दर्जामा राखिने गरेको र शिक्षकलाई पारिवारिक सदस्यको रूपमा लिने गरिन्छ। उत्कृष्ट शिक्षा प्रणालीका कारण फिनल्याण्ड विश्वमा सबैभन्दा प्रगतिशील तथा अग्रगामी मुलुकको सूचीमा शीर्ष स्थानमा आएको हो। नेपाल जस्ता मुलुकले पनि फिनल्याण्डको शिक्षा प्रणालीबाट धेरै कुरा सिक्न जरुरी छ।

संसदीय गणतन्त्रतात्मक राज्यव्यवस्था प्रतिनिधिमूलक समावेशितासहितको लोकतन्त्र भएको मुलुक मानिन्छ। कार्यकारी प्रधानमन्त्री रहेको फिनल्याण्डमा राष्ट्रपतिलाई अत्यन्तै थोरै अधिकार प्रदान गरिएको छ। दुई सय सदस्यीय एक सदनात्मक व्यवस्थापिका रहेको र उक्त सदनले प्रधानमन्त्री, राष्ट्रपतिको चुनावदेखि राज्यका सबै कानून निर्माण लगायतका महत्वपूर्ण कार्य गर्दछ। समाज कल्याणका क्षेत्रमा संसारकै नमूनायोग्य मुलुकमा फिनल्याण्ड पर्दछ। सम्पूर्ण मुलुकवासीको सुविधा र समृद्धिका लागि राज्यलाई जिम्मेवार बनाइएको छ।

फिनिस जनताका लागि मात्र नभएर आफ्नो मुलुकमा रहेका गैरनागरिकका लागि पनि राज्य उत्तिकै जिम्मेवार रहेको देखिन्छ। विशेषगरी दोस्रो विश्वयुद्ध पछि फिनल्याण्डले आफ्ना नागरिकको सर्वाङ्गीण भलाइका क्षेत्रमा परम्परागत धारणामा व्यापक परिवर्तन ल्याई आधुनिक समाज निर्माणमा अग्रसरता लिएको छ। लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र मानव विकासमा फिनल्याण्ड अघि छ। अर्थतन्त्र, ऊर्जा, यातायात, रोजगारी, सार्वजनिक नीति, उद्योगधन्दा, पर्यटन आदि क्षेत्रमा यो मुलुक अति अगाडि छ। वैज्ञानिक अनुसन्धानमा पनि अब्बल भूमिकामा रहेको यस देशमा ३८% नागरिक विश्वविद्यालयको उच्च शिक्षा ग्रहण गरेका छन्।

अन्धानुकरणको कुरा होइन, फिनल्याण्डका असल अभ्यासलाई हाम्रो माटो सुहाउँदो रूपमा सृजनशील ढङ्गबाट नेपालमा लागू गर्न सकेमा केही न केही सकारात्मक बदलाव आउने थियो। जुत्ता नापेर खुट्टा काट्ने होइन, खुट्टाको नापको आधारमा जुत्ता बनाउने चिनियाँ उखानले बोकेको मर्मलाई आत्मसात गर्दै फिनल्याण्डबाट सिक्न सक्ने शिक्षा, विज्ञान, चेतना र प्रविधिलाई नेपाली माटोमा प्रयोग गर्न सकेमा विकासको बाटोमा मुलुकलाई हिँडाउन सहज हुने थियो।

tirthakharel2028@gmail.com

द्रोणाचार्य स्मृति प्रतिष्ठानको अध्यक्षमा कोइराला

मेचीनगर, असार २६। द्रोणाचार्य स्मृति प्रतिष्ठान नेपालको अध्यक्षमा रविन कोइराला चयन भएका छन्।

चन्द्रगढीमा भएको समितिको दोस्रो अधिवेशनले कोइलालाई अध्यक्षमा चयन गरेको हो। समितिको तीन वर्षका लागि चुनिएको समितिको उपाध्यक्षमा चन्द्रामाया श्रेष्ठ, उपाध्यक्ष जीवनकुमार श्रेष्ठ, सचिवमा लोकनाथ भट्टराई, कोषाध्यक्षमा दुर्गाप्रसाद भट्टराईलाई चयन गरिएको छ।

त्यसैगरी समितिको सदस्यहरुमा बसन्त बानियाँ, पवित्रा महतारा, देवराज कार्की, लक्ष्मीप्रसाद गुरागाई, पुरुषोत्तम अधिकारी, गणेश बस्नेत, खिलानाथ पाण्डे र अनुज खतिवडालाई चयन गरिएको निर्वाचन समितिका संयोजक सन्तोष आचार्यले जानकारी दिए।

नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा झापा इञ्चार्ज अग्नि खरेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा जिल्ला अध्यक्ष दिपक कार्की लगायतले क्षेत्रीले राजनीतिमा पुर्याएको योगदानको चर्चा गरेका थिए।

चन्द्रमणि पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा सन्तोष आचार्यको संयोजकत्वमा राजकुमार भट्टराई र नारायण कटुवाल रहेको तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो। समितिले सर्वसम्मत निर्वाचन सम्पन्न गरेको जनाएको छ।

पथरीशनिश्चरेको मजदुर नेतामा सुवेदी

पथरीशनिश्चरे, असार २६। नेपाल ट्रेड युनियन महासंघ (जिफण्ट) आबद्ध नेपाल विजुली पेन्टर प्लम्बर तथा निर्माण युनियन (क्युपेक, नेपाल), पथरी शनिश्चरे नगरपालिका कमिटीको नेतृत्व चयन भएको छ।

मजदुर नेता हरिकुमार सुवेदीको अध्यक्षतामा सर्वसम्मत नेतृत्व चयन भएको हो। पथरीको बुद्धचौकमा सम्पन्न नगर मजदुर भेलाले नेता हरिकुमार सुवेदीको अध्यक्षतामा ११ सदस्यीय समिति गठन भएक छ। जिफण्ट १ नं. प्रदेश सचिव सूर्यबहादुर खवासको प्रमुख आतिथ्य र क्यूपेक नेपालका मोरङ जिल्ला अध्यक्ष सूर्यबहादुर कुमाल, जिल्ला सदस्य झञ्चलाल लिम्बू र बाबुराम पराजुलीको आतिथ्य रहेको थियो।

उक्त नवनिर्मित कमिटीमा उपाध्यक्ष टेकबहादुर बुढाथोकी, सचिव सूर्य भण्डारी, सहसचिव रवीन राई, कोषाध्यक्ष बालकृष्ण बुढाथोकी र सदस्यहरूमा क्रमशः सञ्जय लिम्बू, काजीमान रस्तेल, अशोक केजान, प्रेमबहादुर तामाङ र बलबहादुर नेम्वाङ रहेका छन्।

अध्यक्ष सुवेदीले नगरका सबै मजदुर वर्गको बृहत्तर हकहित र भलाइको पक्षमा काम गर्ने बताए। उनले आफ्नो कार्यकालमा स्थानीय मजदुरलाई अनिवार्य परिपत्रपत्रको व्यवस्था गर्ने, परिचयपत्र वितरण शुरु गर्ने, आम मजदुरको अनिवार्य निःशुल्क स्वास्थ्य बीमा गर्न गराउन पहलकदमी लिने, परिचयपत्र पाएका आम मजदुर घरपरिवार आश्रित तिनका छोराछोरीलाई अनिवार्य निःशुल्क शिक्षा आर्जनको वातावरण निर्माणमा लाग्ने बताए।

त्यस्तै राज्यले उपलब्ध गराएको मजदुरमैत्री सामाजिक सुरक्षा भत्ता कार्यान्वयनमा नीतिगत ढंगले उभिने, मजदुर बीमा अनिवार्य कार्यान्वयनमा ल्याउने, असंगठित क्षेत्रका मजदुरलाई साथ लिएर तिनको अनिवार्य पञ्जीकरण गर्ने, मजदुर भलाइ कोष खडा गर्ने, मजदुर सहकारी संस्था निर्माण गर्ने लगायत धारणा रहेको बताए।

नगरको वडा नं. १ र १० मा ठूलो संख्यामा मजदुर उपलब्ध हुने गरे पनि मजदुरको कार्य क्षेत्र र प्रभाव भने नगरभरि नै रहेको अध्यक्ष सुवेदी बताए। १० हजार हाराहारीमा रहेका मजदुरलाई अभिलेखीकरण र पञ्जीकृत गर्ने कार्य हुने उनको भनाइ छ।

इन्भटर एअर कन्डीसनर बजारमा

झापा, असार २६। चौधरी ग्रुप अन्तर्गत सिजी इलेक्ट्रोनिक्सले यूरोपियन इलेक्ट्रोनिक्स ब्राण्ड बेकोको अत्याधुनिक फिचर्ससहितको कम बिजुली खाने इन्भटर एअर कन्डीसनर नेपाली बजारमा सार्वजनिक गरेको छ।

जाडो र गर्मी दुबै मौसममा उपयोगी यो एअर कन्डीसनरमा गो क्लिन, जोनफलो, गोल्ड गार्ड जस्ता अत्याधुनिक फिचर्स तथा टेक्नोलोजीहरु रहेको कम्पनीले जनाएको छ। यसको गो क्लिन टेक्नोलोजीले एअर कन्डीसनरमा टासिएको धुलो र फोहोरहरु आँफै पखाल्ने बताइएको छ।

त्यस्तै गोल्ड गार्ड फिचर्सले एअर कन्डीसन उच्च क्षमतामा चलाई लामो समयसम्म टिकाउन मद्दत गर्ने र यसको जोनफलो टेक्नोलोजीले प्रयोगकर्ता बसेको ठाउँको तापक्रम महशुस गर्ने बताइएको छ।

त्यस्तै स्वचालित रूपमा कोठाको तापक्रम समायोजन गर्ने, यसको रिमोटमा विशेष सेन्सर हुन्छ जसको प्रयोगले प्रयोगकर्तालाई कोठाको जुनसुकै कुनामा पनि समान तापक्रम महशुस गराउने कम्पनीले जनाएको छ। कम्पनीका अनुसार यो एअर कन्डीसनर १ टन, १.५ टन र २ टनमा उपलब्ध रहेको र यसमा १० बर्षको वारेन्टी रहेको बताइएको छ।

सिजी इलेक्ट्रोनिक्सले ग्राहकहरुलाई सिजी डिजिटल शोरुम तथा आफ्नो फराकिलो बिक्रेता सञ्जाल मार्फत उत्कृष्ट सेवा र अनुभव प्रदान गरिरहेको कम्पनीले जनाएको छ।

चामल : निर्यात शून्य, आयात २८ करोडभन्दा बढी

□ लक्ष्मी उप्रेती

मेचीनगर, असार २५। नेपाल कृषि प्रधान मुलुकको रुपमा चिनिए पनि नेपालकै जनता चामलका लागि भारतमा निर्भर हुनुपरेको छ।

नेपाली युवाहरु रोजगारीका लागि विदेश पलायन हुँदा धेरैजसो खेतबारी बाँझै रहने र उत्पादकत्व समेत घट्दै गएका कारण चामलमा परनिर्भरता बढ्दै गएको कृषि विज्ञहरुको भनाइ छ। प्लान्ट क्वारेन्टिन एवम् विषादी व्यवस्थापन केन्द्र क्वारेन्टिन कार्यालय काँकरभिट्टाको तथ्याङ्क मात्र हेर्ने हो भने चालू आर्थिक वर्ष २०७८/०७९ का साउनदेखि जेठ मसान्तसम्म काँकरभिट्टा नाका भएर मात्र २८ करोड दुई लाख ८० हजार पाँच सय रुपैयाँ चामल खरिदका लागि विदेशिएको छ।

कार्यालयका बाली संरक्षण अधिकृत देविन्द्र साहुले त्यस अवधिमा नेपालले काँकरभिट्टा नाका भएर मात्र सात हजार सात मेट्रिक टन चामल आयात गरेको जानकारी दिए। तर, सोही अवधिमा चामलको निर्यात काँकरभिट्टा नाका भएर ठप्प छ। नेपालले भारतका विभिन्न स्थानाबाट चामल आयात गर्ने गरेको कार्यालयको तथ्यांकबाट स्पष्ट हुन्छ।

कुनै बेला चामल निर्यात गर्ने नेपालमा धानको उत्पादन र उत्पादकत्व वृद्धि हुन नसक्दा वर्षेनि चामल आयात बढिरहेको सरकारी अधिकारीहरु बताउँछन्। चामलको आयात बढ्दै जाने हो भने आगामी वर्षहरुमा नेपालको व्यापार घाटा उच्च बनाउन चामलको भूमिका ठूलो हुने विज्ञहरुको भनाइ छ।

काँकरभिट्टा नाकाबाट मात्र वर्षेनि धान आयातमा करोडौं रुपैयाँ बाहिरिने गरेको मेची भन्सार कार्यालय काँकरभिट्टाको तथ्यांकले पुष्टि गर्दछ। कार्यालयका सूचना प्रविधिका कम्प्युटर अपरेटर अरुण शाहका अनुसार चालू आर्थिक वर्ष २०७८/०७९ को जेठ मसान्तसम्म मात्र दुई करोड ५२ लाख ६५ हजार ७१ रुपैयाँ बराबरको धान नेपालले आयात गरेको छ। त्यो अवधिमा एक करोड ७० लाख ३६ हजार तीन सय ३८ केजी धान आयात गरेको थियो।

कृषि प्रधान मुलुकमा प्रचारमुखी कार्यक्रम गरेर विविध कार्यक्रम गरे पनि धानको परनिर्भरता भने बर्सेनी बढ्दै छ। कोभिड-१९ प्रकोपका कारण अधिकांश नेपाली स्वदेशमै बस्नु, कोदो, फापर, मकै, गहुँ सबै किसिमका खाद्यान्न उपभोग नगर्नु तथा नेपालीहरुको भात खानैपर्ने बानीका कारण चामलको आयात बढेको बताइएको छ।

देशलाई खाद्य सम्प्रभु तुल्याउन र स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य लगानी बढाउनु आवश्यक छ। देशको संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। विभिन्न कारणले उत्पन्न हुन सक्ने खाद्य तथा पोषण संकटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधारको आवश्यकता छ।

माछा मार्दै एक बालक : गौरीगञ्ज- २ को किस्ने खोलामा बल्छी थापेर माछा मार्दै एक बालक। *तस्वीर : रासस*

प्राथमिक स्वास्थ्य केन्द्र गौरीगञ्ज अस्पतालमा स्तरोनन्ति

गौरीगञ्ज, असार २६। गौरीगञ्ज गाउँपालिका-६ खजुरगाछीस्थित प्राथमिक स्वास्थ्य केन्द्र अब अस्पतालका रूपमा सञ्चालन हुने भएको छ।

आर्थिक वर्ष २०७९/८० को साउन १ गतेदेखि प्राथमिक स्वास्थ्य केन्द्र १५ श्ययाको गौरीगञ्ज अस्पतालका रूपमा स्वीकृति पाउने भएको गाउँपालिकाले जनाएको छ। उक्त स्वास्थ्य केन्द्रमा डा. विनोद साहसहित तीन चिकित्सक कार्यरत छन्। स्वास्थ्य केन्द्रलाई अस्पतालका रुपमा विस्तार गर्न आवश्यक सबै प्रक्रिया पूरा गरेपछि साउन १ गतेदेखि विधिवत् अस्पतालमा विस्तार हुने गाउँपालिकाका अध्यक्ष फूलवती राजवंशीले बताइन्।

भारतीय सीमावर्ती क्षेत्र नजिकै रहेको गौरीगञ्ज आसपास अस्पताल छैनन्। त्यहाँका बिरामी सोही प्राथमिक स्वास्थ्य केन्द्रमा निर्भर रहनुपर्ने बाध्यता छ। स्वास्थ्य सेवा लिन दैनिक एक सय ५० भन्दा बढी बिरामी आउने गरेका छन्। स्थानीयबासी प्राथमिक स्वास्थ्य केन्द्रलाई बिस्तार गरी अस्पताल बनाउने भएपछि आफ्नै ठाउँमा विशेषज्ञ स्वास्थ्य सुविधा पाउनेमा आशावादी छन्।

अस्पतालको सेवामा सहयोग पुऱ्याउन स्वास्थ्य विभागले हालै रु पाँच लाख बराबरको स्वास्थ्य सामग्री निःशुल्क प्रदान गरेको छ। विभागले बिरामीका लागि चाहिने अक्सिजन सिलिण्डरलगायत स्वास्थ्य सामग्री पालिका अध्यक्ष राजवंशीलाई हस्तान्तरण गरेको हो। अस्पतालमा गुणस्तरीय सेवा प्रदान गर्न छिट्टै थप डिजिटल भिडियो एक्स-रे मेसिन र एम्बुलेन्स उपलब्ध गराउन लागिएको राजवंशीलले बताइन्।

गौरीगञ्ज-५ जनताचोक छेउमा निर्माण हुने वडास्तरीय स्वास्थ्य चौकीकोसमेत राजवंशीले शिलान्यास गरिन्। करिब रु. ४० लाखको लागतमा स्वास्थ्यचौकी निर्माण हुने वडाध्यक्ष विजयसिंह गनगाईंले बताए। वडा कार्यालयले यसअघि भाडाको घरबाट स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको थियो। स्वास्थ्यचौकी भवन निर्माण गर्न वडाध्यक्ष गनगाईंले करिब रु. २० लाख बराबरको दुई कट्ठा जग्गा निःशुल्क उपलब्ध गराएका थिए।

१५ वटै पालिकामा वीपी स्मृति दिवस मनाइने

बिर्तामोड, असार २६। नेपाली कांग्रेसका संस्थापक नेता विश्वेश्वरप्रसाद कोइरालाको ४१औं स्मृति दिवस विविध रचनात्मक कार्यक्रमका साथ झापाका १५ वटै पालिकामा मनाउने भएको छ।

नेपाली कांग्रेस झापाका पदाधिकारी, क्षेत्रीय सभापति, प्रदेश क्षेत्रीय सभापति, गाउँ/नगर सभापतिहरुको संयुक्त बैठकले गाउँ/नगर पालिका तहमा रक्तदान, वृक्षरोपण, विचार गोष्ठी लगायतका विविध रचनात्मक कार्यक्रम गरी कोइरालाको स्मृति दिवस मनाउने भएको हो।

नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेको सभापतित्वमा सम्पन्न बैठकले उक्त कार्यक्रम भव्य र सभ्यरुपमा सम्पन्न गर्न गाउँ/नगर पालिकामा जिल्ला प्रतिनिधि समेत तय गरेको सचिव कृष्ण हुमागाँईले जानकारी दिए।

बैठकले चन्द्रगढीस्थित वीपीको शालिकमा माल्यार्पणसहित कोण सभा राख्ने निर्णय गरेको सचिव नवीन विमलीले जानकारी दिए।

यसैबीच बैठकले मेचीनगरमा राम कट्टेल, बुद्धशान्तिमा राजकुमार बराइली, अर्जुनधारामा केशवराज पाण्डे, बिर्तामोडमा सुधिरकुमार शिवाकोटी, कचनकबलमा कालेन्द्रप्रसाद सिंह राजवंशी, भद्रपुरमा नवीन विमली र गणेश पोखरेल, हल्दिबारीमा भुमिराज राई, बाह्रदशीमा हुकुमसिंह राई र भुमीप्रसाद राजवंशीलाई जिल्ला प्रतिनिधि तय गरेको कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए।

त्यसैगरी कनकाइमा जिल्ला सभापति देउकुमार थेवे र किरण भट्टराई, झापामा कमल भण्डारी, शिवसताक्षीमा जयनारायण शाह, कमलमा फूलवती राजवंशी, गौरादहमा ढुण्डी भण्डारी र चन्द्रा खड्का भट्टराई, दमकमा शेरबहादुर भट्टराई, गौरीगञ्जमा रेगिना भट्टराई प्रसाई र प्रकाश कार्कीलाई जिल्ला प्रतिनिधि तय गरेको बताइएको छ।

प्रजातान्त्रिक आन्दोलनका अग्रणी योद्धा एवम् प्रजातान्त्रिक/समाजवादी विचारधाराका प्रवर्तक कोइरालाको २०३९ साल साउन ६ गते निधन भएको थियो। उनको जन्म वि.सं. १९७१ भाद्र २४ गते भएको थियो। नेपालका प्रथम जनानिर्वाचित प्रधानमन्त्री भएका कोइरालाको राजनीतिक जीवन भारतमा चलिरहेको 'भारतको स्वतन्त्रता आन्दोलन'बाट शुरु भएको थियो।

ज्येष्ठ सदस्यलाई लर्ड बुद्ध साकोसको पेन्सन

पथरीशनिश्चरे, असार २६। मोरङको पथरीशनिश्चरे-२, बुद्ध चौकस्थित लर्ड बुद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेडले ७० वर्ष माथिका ज्येष्ठ नागरिकहरूलाई पेन्सन वितरण गरेको छ।

कार्यक्रममा ७० वर्षदेखि माथिका २५ जना ज्येष्ठ शेयर सदस्यहरुलाई आजीवन भत्ता (पेन्सन) वितरण गरेको हो।

पथरीशनिश्चरे नगरपालिकाका नगर प्रमुख मोहनकुमार तुम्वापो मार्फत २५ जना ज्येष्ठ सदस्यहरुलाई मासिक रु. आठ सय ५० का दरले २०७९ बैशाख, जेठ र असार गरी तीन महिनाको भत्ता जनही रु. २५ सय ५० वितरण गरिएको थियो। २५ जनामध्ये बिरामीको कारण उपस्थित हुन नसकेका दुई जना ज्येष्ठ सदस्यहरुलाई घरमा नै गएर पेन्सन उपलब्ध गराइने उक्त साकोसका व्यवस्थापक गणेश वाच्छना राईले बताए।

संस्थाले २०७४ बैशाखदेखि ज्येष्ठ सदस्यहरुलाई आजीवन भत्ता दिँदै आएको छ। शुरूवातको पहिलो वर्ष २०७४ मा वर्षभरि नै मासिक रु. दुई सयका दरले वितरण गर्ने कार्य शुरु गरेको उक्त संस्थाले वर्षेनि पेन्सन रकममा वृद्धि गर्दै लगेको थियो भने २०७८ श्रावणदेखि मासिक रु. आठ सय ५० का दरले भत्ता उपलब्ध गराउन थालिएको जनाइएको छ।

विराटनगर महानगरको बजेट पारित

मोरङ, असार २६। विराटनगर महानगरपालिकाको आगामी आर्थिक वर्षको बजेट सर्वसम्मतिले पारित भएको छ।

महानगरको १०औं नगर सभाको दोस्रो बैठकले आगामी आर्थिक वर्षको बजेटसँगै नीति तथा कार्यक्रम पारित गरेको हो। महानगरले यही असार १० गते आगामी आवका लागि रु. तीन अर्ब ६२ करोड ५५ लाख ६७ हजारको बजेट सार्वजनिक गरेको थियो।

बैठकमा महानगर उपप्रमुख शिल्पा निराला कार्कीले प्रस्तुत गरेको आगामी आवको आर्थिक विधेयक, विनियोजन विधेयक र महानगर खेलकुद विकास विधेयक पनि सर्वसम्मतिले पारित गरिएको छ। त्यसैगरी बैठकले केही महत्वपूर्ण नीतिगत निर्णय समेत गरेको प्रमुख प्रशासकीय अधिकृत उमेश बस्नेतले जानकारी दिए।

सोही बैठकले उपप्रमुख कार्कीको संयोजकत्वमा न्यायिक समिति र महानगर सदस्य बलराम कारञ्जितको संयोजकत्वमा लेखा समिति पनि गठन गरेको छ। न्यायिक समितिको संयोजक उपप्रमुख हुने संवैधानिक व्यवस्था छ।

न्यायिक समितिको सदस्यमा वडा नं. ११ का अध्यक्ष तीथेन्द्र न्यौपाने र वडा नं ९ का सदस्य रुपा देउजा चयन हुँदा लेखा समितिको सदस्यमा २ नं. वडाका सदस्य मेनुका परियार र ९ नं. वडाका सदस्य रियाज अहमदलाई सर्वसम्मतिले चयन गरेको बस्नेतले जानकारी दिए।

सो अवसरमा महानगर प्रमुख नागेश कोइरालाले सबै वडाको समग्र विकासका लागि महानगरको आम्दानीको स्रोत वृद्धिका लागि राजस्व सङ्कलनको दायरा बढाइ रु. एक अर्ब पुऱ्याउनुपर्नेमा जोड दिए। उनले भौतिक संरचना निर्माणसँगै खानेपानी, सरसफाई, ड्रेनेज समस्या समाधानका लागि बजेटका विषयमा दातृ निकायसित छलफल भइरहेको जानकारी दिए।

उपप्रमुख कार्कीले महानगरको आर्थिक अवस्था बलियो बनाउनुपर्ने अवश्यकता औंल्याइन्। बैठकमा वडा नं. ४ का वडाध्यक्ष जीतन थापा, वडा नं. ७ का वडाध्यक्ष जितेन्द्र अग्रवाल, वडा नं. १ का सदस्य लक्ष्मीदेवी राई, वडा नं. ५ का वडा सदस्य अन्जु दाहाल, वडा नं. ११ का सदस्य बलराम कारञ्जित लगायतले सडकबत्ती, सरसफाई, ड्रेनेज समस्या, जनप्रतिनिधिका सेवासुविधा लगायतका विषयमा धारणा राखेका थिए।

आवश्यकता

महिला तथा पुरुष सेक्युरिटी गार्ड
संख्या : १५ जना
सम्पर्क :
इन्टर सर्भ सेक्युरिटी ग्रुप प्रा.लि.
प्रधान कार्यालय बिर्तामोड
फोन नं. : ०२३-५४५७८२,
९८०६०६१७००, ९८४४६८६९७०

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।

सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

छापाखाना

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस्।
७ बार ७२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०५५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५२५३, ९८५४०३६३४४

पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस
हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन विमुख हुनेछन्।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खवर सुन्न पाइने छ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
धार्मिक यात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा बृद्धिहुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिने छ। व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
कार्यसिद्धि हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ खर्चिलो योग रहेको छ।